# जलथल जंगलले चिनाएको हल्दिबारी



■ राजेन्द्र गौतम

क्षेत्रफल र जनसंख्याका हिसाबले झापाको हल्दिबारी गाउँपालिका सानो स्थानीय तह हो । राज्य पुनःसंरचनापछि साविक जलथल, गोलधाप र हल्दिबारी गाविस गाभिएर बनेको यो पालिकाको क्षेत्रफल ११७.३५ वर्ग किलोमिटर मात्र छ । दक्षिणपूर्वमा कचनकवल गाउँपालिका, पूर्वोत्तरमा भद्रपुर नगरपालिका, दक्षिण पश्चिममा बाह्रदशी र उत्तरमा बिर्तामोड नगरपालिकाले यसलाई घेरेका छन् ।

झापाका १५ पालिकामध्ये जनसंख्या पनि यहाँ कम छ । १७ हजार १११ महिला र १५ हजार ६११ पुरुष गरी कुल ३२ हजार ७२२ जनसंख्या रहेको हल्दिबारीमा साना तथा घरेलु उद्योगसमेत छैनन् । सीमित व्यापार-व्यवसाय र ठूलो जनसंख्या कृषिमै निर्भर देखिन्छ ।

पालिकामा १७ वटा सामुदायिक र १२ वटा निजी विद्यालय छन् भने तीनवटा स्वास्थ्य चौकी, दुई आधारभूत स्वास्थ्य केन्द्र र हल्दिबारी अस्पताल सञ्चालनमा छन् । तीन प्रहरी चौकी र एउटा क्याम्प रहेको यो पालिका बाहिरबाट हेर्दा सामान्य र दुर्गमजस्तो देखिए पनि यसको पहिचान भने राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय तहसम्म फैलिएको छ ।

आकारमा सानो र आर्थिक गतिविधि सीमित भए पनि हल्दिबारी विश्वसामु परिचित हुनुको मुख्य कारण हो- चारकोसे जंगल अन्तर्गतको जलथल वन क्षेत्र । ६३ सय हेक्टरमा फैलिएको जलथल जंगल झापाको कुल १८ हजार हेक्टर वन क्षेत्रमध्ये एकतिहाइ हिस्सा ओगटेको छ । देशको कुल भूभागको करिब ०.१ प्रतिशत क्षेत्रफल ओगटेको यो जंगल जैविक विविधताको दृष्टिले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

यहाँ १७७ प्रजातिका चरा, १५० प्रकारका पुतली, १२० प्रजातिका रूख तथा करिब ६ सय किसिमका वनस्पति पाइन्छन् । फरेस्ट एक्सन नेपालका डा. लीलानाथ शर्माका अनुसार, 'देशको होचो भूभागमा रहेको यस जंगलमा संसारमै दुर्लभ मानिने ६ प्रजातिका रूख र तीन प्रजातिका वनस्पति पाइन्छन् । जैविक विविधताको हिसाबले हल्दिबारी मुलुककै धनी पालिका हो ।'

जलथल जंगलभित्रका सिमसार क्षेत्रमा ४३ प्रजातिका माछा पाइन्छन् भने ३२ प्रजातिका सरीसृपको पनि बासस्थान यही हो । दक्षिण एसियाकै जैविक विविधतायुक्त जंगलमध्ये जलथल अग्रस्थानमा रहेको जानकारहरूको भनाइ छ । यहाँ पहाडी क्षेत्रमा मात्रै पाइने कटुसदेखि दुर्लभ लटहर, वेत, सत्तीसाल जस्ता वनस्पति पाइन्छन् ।

दुर्लभ सालक, बाँदर, बँदेल, हरिणजस्ता वन्यजन्तु जलथलका नियमित बासिन्दा हुन् । हात्तीको प्राकृतिक बासस्थानसमेत मानिने यस जंगलमा गोडगधा पनि पाइन्छ, जुन सप्तकोसी पूर्वका अन्य जंगलमा दुर्लभ मानिन्छ । कछुवा संरक्षणकर्ता प्राडा. कालुराम खम्बुका अनुसार जलथल आसपासका सिमसार क्षेत्रमा इण्डियन पिकक सफ्टसेल टर्टल र इण्डियन फ्लापसेल टर्टल पाइन्छन्, जुन दुवै आइयुसिएनको संकटापन्न र जोखिमयुक्त सूचीमा सूचीकृत छन् । २२ वटा वन समूहले संरक्षण गर्दै आएको जलथल जंगलमा मिचाहा प्रजातिका वनस्पतिले चुनौती थपेको वन समूहका सदस्यहरूको गुनासो छ ।

### कृषि, शिक्षा र पर्यटनमा स्थानीय प्रयास

'हल्दिबारीको दृष्टि, कृषि र पर्यटनमार्फत समृद्धि' भन्ने नारासहित गाउँपालिकाले विकासका कार्यक्रम अघि बढाएको छ । तोरी, गहुँ, धान र दलहन उत्पादनमा कृषि पकेट कार्यक्रम सञ्चालनमा छन् । चियाखेती विस्तारलाई पनि प्राथमिकता



दिइएको छ । योजना शाखा प्रमुख राजन न्यौपानेका अनुसार पालिकामा हाल ११ वटा सिँचाइ योजना सञ्चालनमा छन् । 'हल्दिबारीको वाचा, झापाभरी माछा' नारासहित माछा पकेट कार्यक्रम सञ्चालन गरिएको छ, जुन पालिकाको लोकप्रिय कार्यक्रम बनेको छ । पशुपालन, उपचार र प्रवर्द्धनमार्फत किसानलाई स्थानीय सरकारसँग जोड्ने प्रयास भइरहेको छ ।

शिक्षा क्षेत्रमा पनि हल्दिबारीले फरक अभ्यास अघि सारेको छ । लोपोन्मुख मेचे जातिको भाषा संरक्षणका लागि स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारिएको छ । 'जङ्नी राउ-हाम्रो आवाज' पाठ्यपुस्तक दीपेन्द्र आधारभूत विद्यालयमा पढाइँदै आएको छ । अन्य विद्यालयमा 'हाम्रो हल्दिबारी' पाठ्यपुस्तक लागू गरिएको छ । पालिकाले लिम्बू पर्यायवाची शब्दकोष तयार गर्नुका साथै बालबालिकालाई विद्यालयमा आकर्षित गर्न एसीसहित नमुना बालकक्षा, कम्प्युटर, डिस्प्ले बोर्डजस्ता प्रविधि पनि उपलब्ध गराएको छ । हल्दिबारी माध्यमिक विद्यालयमा ११० विद्यार्थीलाई निःशुल्क बाली विज्ञान पढ्ने व्यवस्था मिलाइएको छ ।

### पूर्वाधार र सामाजिक सेवा

खानेपानी, सडक, स्वास्थ्य, पर्यटन र काठेपुल मुक्त अभियान पालिकाका प्राथमिकतामा छन् । विपन्न समुदायका ७५६ घरमा निःशुल्क धारा जडान गरिएको छ भने एक हजार तीन सय घरपरिवारमा धारा जडानको काम जारी छ ।

ज्येष्ठ र अशक्त नागरिकका लागि घरमै स्वास्थ्य सेवा, सुत्केरी तथा नवजात शिशुका लागि पोषण र न्यानो कपडाको व्यवस्था गरिएको छ । पालिकाले १२० भन्दा बढी काठेपुल विस्थापित गरी कज्वे र कल्भर्ट निर्माण गरिसकेको छ । अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनका अनुसार पालिकाबाट ३५ किलोमिटर र प्रदेशसँगको सहकार्यमा ६० किलोमिटर सडक कालोपत्रे भइरहेको छ । अहिले सबै वडामा कालोपत्रे सडक पुगेको उहाँको दाबी छ । यद्यपि, कार्यसम्पादन मूल्यांकन र बजेट विनियोजनप्रति भने अध्यक्ष लिङ्देन असन्तुष्ट हुनुहुन्छ । 'कामको आधारमा होइन, कागज मिलाउने आधारमा मूल्यांकन हुने गरेको छ', उहाँको गुनासो छ । केन्द्रीय र प्रदेश सरकारले हल्दिबारीलाई कम बजेट दिने पालिकामध्ये एक बनाएको उहाँ बताउनुहुन्छ । सानो भूगोल र सीमित स्रोतसाधन हुँदाहुँदै पनि जैविक विविधताले भरिएको जलथल जंगल र स्थानीय सरकारका नवीन प्रयासका कारण हल्दिबारी आज छुट्टै पहिचान बनाउँदै अघि बढिरहेको छ ।

**(लेखक गौतम हिमालय टाइम्सका झापा प्रतिनिधि हुनुहुन्छ ।)**

# बुहारीको हत्या गरी शव गाडेको आरोपमा दुई जना पुर्पक्षका लागि कारागार चलान

**चञ्चलकुमार झा/हिटा**

रौतहट, ९ पुस



करिब एक महिना अघि एक युवतीको हत्या गरी शव गाडिएको अवस्थामा फेला परेको घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । आफ्नै बुहारीको योजनाबद्ध हत्या गरी शव लुकाएको आरोपमा मृतक तहरिमा खातुनका ससुरा ७५ वर्षीय शेख महमद अली र मृतक तहरिमाका सहोदर दाइ शेख आशा महमदलाई पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिनुभयो ।

### घटनाको पृष्ठभूमि

गत मंसिर ९ गते रौतहटको वृन्दावन नगरपालिका-९, भुसाहा टोलस्थित फुसको घरमा करिब १८ वर्षीया तहरिमा खातुनको परिवारकै सदस्यद्वारा योजनाबद्ध रूपमा हत्या गरी खाडल खनी गाडिएको अवस्थामा शव फेला परेको थियो। तहरिमा सोही स्थान निवासी शेख आदिलकी पत्नी हुनुहुन्थ्यो । रौतहटको गुजरा नगरपालिका-७ निवासी मृतक तहरिमाका बुवाले मंसिर ९ गते बिहान करिब ८ बजे आफ्नी विवाहिता छोरीलाई विगतदेखि नै ससुराली पक्षबाट शारीरिक तथा मानसिक यातना दिइँदै आएको र मंसिर ८ गते रातिदेखि बेपत्ता भएको भन्दै प्रहरीमा खबर गर्नुभएको थियो । प्राप्त सूचनाका आधारमा प्रहरी टोलीले तहरिमा खातुनको ससुराली घरमा खोजतलास गर्दा घरका सदस्यहरू फेला नपरे पनि एक कोठामा रगतको दाग तथा भुइँमा रगत लुकाउने उद्देश्यले लिपपोत गरिएको देखिएपछि अनुसन्धान तीव्र पारिएको थियो ।

थप अनुसन्धानका क्रममा घरको कम्पाउण्डभित्र एक स्थानमा जमिन भासिएको देखिएपछि उत्खनन् गर्दा करिब पाँच फिट जमिनमुनि बोरा भित्र पोको पारेर राखिएको अवस्थामा तहरिमा खातुनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

### कानुनी प्रक्रिया

गुजरा नगरपालिका-७ पल्टुवा शेख टोल निवासी नुरुल हुदाका छोरा ४२ वर्षीय शेख ताज महमदले दिएको जाहेरीका आधारमा नेपाल सरकार वादी र तहरिमा खातुनका ससुरा शेख महमद अली तथा सहोदर दाइ शेख आशा महमद प्रतिवादी रहेका छन् । प्रहरीले मंसिर १० गते दुवै प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पूरा गरेपछि जिल्ला सरकारी वकिल कार्यालयमार्फत रौतहट जिल्ला अदालतमा पेश गरेको थियो । अदालतले पुस ८ गतेको आदेशअनुसार दुवै प्रतिवादीलाई पुर्पक्षका लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घटनाबारे थप अनुसन्धान तथा कानुनी प्रक्रिया जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

# सानु सुब्बाको नयाँ गीत 'अलि अलि माया'



**काठमाडौं/हिटा ।** गीतकार सानु सुब्बाको नयाँ गीत 'अलि अलि माया' सार्वजनिक भएको छ । गायिका मिलन नेवारको स्वर, ओम राईको संगीत, देवेश राईको एरेञ्ज रहेको गीतको लिरिकल भिडियो सार्वजनिक भएको हो ।

गीतको सम्पूर्ण रेकर्डिङ, मिक्सिङ तथा मास्टरिङ सेवा रेकर्डिङ स्टुडियोमा गरिएको छ ।

गीतलाई सानु सुब्बा अफिसियल युट्युब च्यानलमार्फत श्रोता/दर्शकमाझ ल्याइएको हो ।

**Qatar मा रोजगारको अवसर** Company Name : STEAK TOWN

L.T.No.335802

| क्र.सं. | कामदारको पद | माग संख्या | | | मासिक तलब | |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने.रु. |
| 1 | Guest Service Agent | 2 | 2 | | 1200 | ने.रु. ४९२५१/- |

अन्तरवार्ता २०८२ पौष १७ गते (1 Jan., 2026) यस प्रा. लि. को कार्यालय सुकेधारा काठमाडौंमा हुनेछ ।

RISING YOUTHS OVERSEAS PVT. LTD.
Sukedhara - 4, Kathmandu, Ph. : 01-4504333, 9849566681, 9801093971

## लक्ष्मी सनराइज बैंक लिमिटेडको गैर बैंकिङ सम्पति (घर/जग्गा) बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८२/०९/१०)

यस बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ सम्पत्ति (घर/जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक फर्म, कम्पनी वा महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको शाखा कार्यालय बिराटचोक मोरङमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । निर्धारित समय भित्र यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०९/१७ गते (सो दिन सार्वजनिक बिदा परेमा त्यसपछिको लगत्तै बैंक खुलेको दिन) दिउँसो ठिक ११:०० बजे बैंकको शाखा कार्यालय बिराटचोक मोरङमा खोलिनेछ । सो स्थान र समयमा बोलपत्रदाताहरुलाई समेत उपस्थित हुन सूचित गरिन्छ । बोलपत्र फारम एक प्रतिको रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी यस बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय बिराटचोक मोरङमा उपलब्ध छ । साथै बोलपत्र सम्बन्धी सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ ।

तपसिल

| क्र.सं. | जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | नक्सा सीट नं. | कित्ता नं. | क्षेत्रफल (बिगाहा/व.मी.) |
|---|---|---|---|---|---|---|
| १ | सुनसरी | इटहरी उ.म.न.पा | ८ | ८ख | ३०७५ | ८४.६५ |
| २ | मोरङ | अमरदह | २ | २घ | ४२६ | ०-१०-०-० |
| ३ | | | | २ख | ४२४ | ०-०-४.३-० |
| ४ | | | | | ४२५ | ०-१-११-० |
| ५ | | | | | ६३५ | ०-०-१३-० |
| ६ | | | | २क | ७१३ | ०-८-०-० |
| ७ | | | | २ख | २११ | ०-२-६-० |
| ८ | | | | | ६६६ | ०-२-४-० |
| ९ | | | | २ग | १८५ | ०-४-०-० |
| १० | | | | | १८७ | ०-५-०-० |
| ११ | | | | | ३४७ | ०-१-४-० |
| १२ | | | | | १८१ | ०-६-१२-० |
| १३ | | | | | ३४८ | ०-३-१-० |
| १४ | | मधुमल्ला | ३ | ४फ | २३४४ | ०-०-१३-० |

थप जानकारी:

- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, हात्तिसार, काठमाडौं/शाखा कार्यालय बिराटचोक मोरङबाट प्राप्त गर्न सकिनेछ । साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अङ्ग हुनेछ ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय हात्तिसार, काठमाडौं/शाखा कार्यालय बिराटचोक मोरङमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
- बैंकलाई स्वीकार हुने बोलपत्र प्राप्त भएको अवस्थामा छुट्टाछुट्टै सम्पत्ति छुट्टाछुट्टै रुपमा बिक्री गर्न सकिनेछ ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४९९०८८८, ४०७००००
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सूचना

प्रकाशित मिति: २०८२/०९/१०

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका संस्थापक समूहका शेयरधनी श्री निलाम्बर प्रधानले १,४५०.०९ कित्ता (बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित बोनस शेयर समेत) बिक्री मूल्य न्यूनतम रु. १००/- प्रति शेयर, लेखि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा निवेदन दिनु भएकोमा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन बमोजिम संस्थापक समूहको शेयर खरिद/बिक्री गर्दा आफ्नै संस्थापकलाई पहिलो प्राथमिकता दिनु पर्ने र त्यसरी खरिद/बिक्री गर्दा सो शेयर खरिद/बिक्री हुन नसकेको अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही उपरोक्त शेयरहरु बिक्री गर्नु पर्ने भएकोले बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अत: कुनै संस्थापक शेयरधनीलाई उपरोक्त संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा निवेदन दिनु हुन अनुरोध छ । अन्यथा सो स्थान ख्वालित भए पश्चात सर्वसाधारणलाई बिक्रीको लागि प्रक्रिया अगाडी बढाइने छ ।

मुख्य कार्यालय
Citizens Bank
info@ctznbank.com, SWIFT: CTZNNPKA
support@ctznbank.com
www.ctznbank.com

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको सूचना

प्रकाशित मिति: २०८२/०९/१०

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका संस्थापक समूहका शेयरधनी श्री खगि राम पोखरेलले ४,६६९.९८ कित्ता (बैंकको १९ औं वार्षिक साधारण सभाबाट पारित बोनस शेयर समेत) बिक्री मूल्य न्यूनतम रु. १००/- प्रति शेयर, लेखि संस्थापक शेयर बिक्री गर्नको लागि यस बैंकमा निवेदन दिनु भएकोमा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन बमोजिम संस्थापक समूहको शेयर खरिद/बिक्री गर्दा आफ्नै संस्थापकलाई पहिलो प्राथमिकता दिनु पर्ने र त्यसरी खरिद/बिक्री गर्दा सो शेयर खरिद/बिक्री हुन नसकेको अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही उपरोक्त शेयरहरु बिक्री गर्नु पर्ने भएकोले बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अत: कुनै संस्थापक शेयरधनीलाई उपरोक्त संस्थापक शेयर खरिद गरि लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकको केन्द्रीय कार्यालय नारायणहिटी पथमा निवेदन दिनु हुन अनुरोध छ । अन्यथा सो स्थान ख्वालित भए पश्चात सर्वसाधारणलाई बिक्रीको लागि प्रक्रिया अगाडी बढाइने छ ।

मुख्य कार्यालय
Citizens Bank
info@ctznbank.com, SWIFT: CTZNNPKA
support@ctznbank.com
www.ctznbank.com

## सभापोखरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय

वाह्रबिसे, संखुवासभा
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना ।**

सूचना प्रकाशित मिति :- २०८२/०९/१०

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८२/०७/२४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यम द्वारा पेश हुन आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राहि देखिएका देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक (मु.अ.कर र पि. एस. आईटम सहित) रु |
|---|---|---|---|---|
| १ | SPRM/DDK/ NCB/05/ 082/083 | Duke – Rai Gaun – 2 No. Wada Karyalaya – Bagaicha Road Upgrading Works (Ch. 0+800 to 0+955m), Sabhapokhari Rural Municipality-1, 2, Sankhuwasabha | के के के कन्स्ट्रक्सन कम्पनि, चिचिला-०५, संखुवासभा | ३०,२२,५२६|६९ (अक्षरपी तीस लाख बाईस हजार पाँच सय छब्बीस रुपैया उनसत्तरी पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

## युवरानी एग्रो इण्डस्ट्रिज लिमिटेडको
**प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/१०

आदरणीय शेयरधनी महानुभावहरु,

यस युवरानी एग्रो इण्डस्ट्रिज लिमिटेडको मिति २०८२ साल मंसिर ०९ गते, बुधबार दिनको ११:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८१/८२ को पहिलो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) वार्षिक साधारण सभा हुने मिति, समय र स्थान:
मिति: २०८२ पौष ३० गते, बुधबार (तदनुसार १४ जनवरी, सन् २०२६)
समय: बिहान ११ बजे
स्थान: कम्पनीको रजिष्टर्ड कार्यालय, औरही, महोत्तरी

(ख) छलफलका विषयहरु:
(अ) साधारण प्रस्तावहरु:
१. वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखा परीक्षकको प्रतिवेदनसहित कम्पनीको आ.व. २०८१/८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोसँग सम्बन्धित अनुसूचिहरुसहितको वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व. २०८२/८३ का लागि बाह्य लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. संचालक समिति गठन गर्ने सम्बन्धमा ।
५. संचालकको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा ।
६. विविध ।

(आ) विशेष प्रस्तावहरु:
१. कम्पनीको पुँजी वृद्धि गर्ने र प्रबन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको पुँजी संरचना अनुसार सर्वसाधारणका लागि छुट्याइएका शेयरहरुमध्ये कम्पनीको जारी पुँजीको २० प्रतिशत शेयर सर्वसाधारणमा प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) गर्ने प्रस्ताव स्वीकृत गरी, सो कार्य सम्पादन गर्न आवश्यक सम्पूर्ण अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।
४. वार्षिक साधारण सभाले गरेको संशोधनको सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन वा हेरफेर गर्न निर्देशन दिएको खण्डमा सो बमोजिम गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने सम्बन्धमा ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारी:**

१. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९:०० बजे देखि सभा संचालन रहे सम्म खुल्ला रहने छ ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले हितग्राही खाता खोलिएको डिम्याट/शेयर प्रमाण पत्र वा आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपी साथमा लिई आउन हुन अनुरोध छ
३. शेयरधनी महानुभावहरुको जानकारीका लागि यस कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंग प्रकाशित गरिएको छ । संक्षिप्त आर्थिक विवरण लगायतका वार्षिक साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु कम्पनीको website : www.yuwarani.com मा पनि हेर्न सकिने गरि राखिएको छ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ती गर्दा प्रोक्सी पत्र साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराउनु पर्नेछ । प्रोक्सी दर्ता गरि सके पछि सो बदर गराउन चाहेमा सो को सूचना सभा हुनु भन्दा २४ घण्टा अगावै प्रोक्सी दर्ता गरेको स्थानमा लिखित निवेदन दर्ता गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्दा केहि शेयर आफै संग बाकी राखि प्रतिनिधि मुकरर गर्न पाइनि छैन । सम्पुर्ण शेयरको लागि एकै व्यक्तिलाई प्रतिनिधि मुकरर गर्नु पर्नेछ । प्रतिनिधि मुकरर गर्ने शेयरधनी सभामा स्वयं उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि (प्रोक्सि) स्वत: रद्द हुनेछ ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सकिनेछ ।
६. प्रतिनिधि नियुक्त गर्ने शेयरधनी कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी वा संगठित संस्थाले नियुक्ती गर्ने व्यक्तिको नाम ठेगाना र परिचय पत्र सहित सो संस्था वा कम्पनीको आधिकारिक लेटरहेडमा सो कुरा खुलाई संस्थाको छाप, आधिकारिक व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । संस्थागत शेयरधनी बाहेक अरुले प्रतिनिधि नियुक्त गर्दा प्रोक्सी मार्फत कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र गर्न सकिनेछ ।
७. सभामा आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गर्न चाहनु हुने शेयरधनी महानुभावले अध्यक्षले तोकेको समयमा पालो पालो गरी आफ्नो मन्तव्य वा जिज्ञासा व्यक्त गरि दिनु भई सहयोग गरि दिनु हुन अनुरोध छ ।